# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## आधारभूत तह (कक्षा ४-५)

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

**आधारभूत तह (कक्षा ४-५)**

| पाठ्यघण्टा : ५ | कार्यघण्टा : १६० |
| --- | --- |

## १. परिचय

आधारभूत तह (कक्षा ४-५) को सामाजिक अध्ययन पाठ्यक्रम, २०७८ सालमा विकसित सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको पाठ्यक्रमलाई परिमार्जन गरी तयार पारिएको छ । समाज, वातावरण, बदलिँदो विश्वपरिवेश, राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गरी यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रमले विद्यार्थीलाई असल नागरिक भई जीवनयापन गर्न सहयोग पुऱ्याउन असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा, विविधताको सम्मान जस्ता पक्षलाई व्यावहारिक रूपमा विकास गराउँदै लैजाने लक्ष्य राखेको छ । विद्यार्थी, शिक्षक, अभिभावकलगायतका सरोकारवालाहरूबाट अनलाइन तथा स्थलगत रूपमा छलफल र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषणसमेतलाई आधार लिई यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रमले कक्षा ६-८ मा सामाजिक अध्ययनका लागि पूर्वाधार तयार गर्ने अपेक्षा राखेको छ ।

यस पाठ्यक्रममा मूलतः हामी र हाम्रो समाज, हाम्रा मूल्यमान्यता, सामाजिक सुधार, नागरिक चेतना, हाम्रो पृथ्वी, आर्थिक क्रियाकलाप र हाम्रो विगत विषयक्षेत्रभित्र तहगत सक्षमता, विद्यार्थीको रुचि, स्तर र आवश्यकताअनुसार विषयवस्तु अनुकूलन तथा समायोजन गरिएको छ । यस पाठ्यक्रमले श्रमप्रति सम्मान तथा काम गर्ने बानीको विकासका लागि घरायसी कार्यलगायतका वास्तविक जीवनसँग सम्बद्ध पक्षलाई सिकाइकै अङ्गका रूपमा समावेश गर्दै बालबालिकाको सिकाइलाई कामको संसार (World of work) सँग जोड्ने अपेक्षा राखेको छ । यसर्थ प्रस्तुत पाठ्यक्रममा हामी र हाम्रो समाजसम्बद्ध विषयक्षेत्रमा समुदायसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रा मूल्यमान्यतासम्बद्ध विषयक्षेत्रमा असल बानीव्यवहार, आचरण, समुदायगत सांस्कृतिक पक्ष र ज्येष्ठ नागरिक तथा प्रेरणादायी व्यक्तित्वसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । सामाजिक सुधारसम्बद्ध विषयक्षेत्रमा असल समाजसँग सम्बन्धित विषयवस्तु र नागरिक चेतनासम्बद्ध विषयक्षेत्रमा व्यक्तिगत, पारिवारिक तथा सामाजिक सुरक्षा, सेवाप्रवाहलगायतका पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रो पृथ्वीसम्बद्ध विषयक्षेत्रमा समुदायगत भौगोलिक विशेषता र विपत्, पृथ्वीको नक्सा तथा ग्लोबमा महासागर र महादेश पहिचानसँग सम्बन्धित विषयवस्तु तथा हाम्रा आर्थिक क्रियाकलापसम्बद्ध विषयक्षेत्रमा पारिवारिक तथा सामुदायिक पेसा, आचरण, पेसागत सामग्री, आर्थिक क्रियाकलापसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रो विगतसम्बद्ध विषयक्षेत्रमा समुदाय, गाउँठाउँ तथा सम्पदाको विगत र वर्तमानलाई दाँज्ने कार्यसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस पाठ्यक्रममा समसामयिक घटना तथा गतिविधिलाई सान्दर्भिक विषयक्षेत्रमा नै समायोजन गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

यस पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तु र यसको विस्तृतीकरण, विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलापका लागि सञ्चालन गर्न सकिने सम्भावित क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरू समावेश गरी राष्ट्रिय ढाँचा तथा प्रचलित अभ्यासअनुसार व्यवस्थित गरिएको छ । यस विषयको शिक्षण सिकाइका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ । यस विषयमा विद्यार्थीको मूल्याङ्कनका लागि ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत भार बाह्य मूल्याङ्कनका लागि छुट्याइएको छ ।

## २. तहगत सक्षमता

कक्षा ४ र ५ को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

१. समुदायमा हुने सामाजिक, सांस्कृतिक तथा विकास कार्यहरूमा सहभागिता र सहयोग

२. समुदायमा प्रचलित असल बानीव्यवहार, आचरण र मूल्यमान्यताको पहिचान, सम्मान र परिपालन

३. असल समाजका विशेषता र बाधकतत्त्व पहिचान तथा समाज सुधारमा सहयोग

४. व्यक्तिगत, पारिवारिक तथा सामुदायिक नियम र अधिकारको बोध तथा कर्तव्यको पालना

५. नक्सा तथा ग्लोबका आधारमा स्थानीय भौगोलिक अवस्था पहिचान र विपत्बाट बच्ने उपाय अवलम्बन

६. पेसा तथा श्रमको सम्मान, सहभागिता, स्थानीय उत्पादनको उचित प्रयोग र बचत

७. आफू र आफ्नो समुदायको विगत तथा वर्तमानको तुलना र स्थानीय सम्पदा संरक्षणमा सहयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| १. हामी र हाम्रो समाज | १. छिमेकीसँगको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्न<br>२. समुदायमा प्रचलित सामाजिक तथा सांस्कृतिक कार्यहरूमा सहभागी हुन | १. सामुदायिक सहभागितामा हुने विकासात्मक कार्य र तिनको आवश्यकता बताउन<br>२. आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका विकासात्मक कार्यहरूप्रति अपनत्वको भावना विकास गरी सहयोग गर्न |
| २. हाम्रा मूल्यमान्यता | ३. असल बानी व्यवहार अवलम्बन गर्न<br>४. आफ्नो समुदायका विभिन्न भाषा, वेशभूषा, रहनसहन र चाडपर्वको पहिचान र सम्मान गर्न<br>५. समुदायका ज्येष्ठ नागरिकको सम्मान गर्न र प्रेरणा प्राप्त गर्न | ३. असल आचरण विकास र अभ्यास गर्न<br>४. स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न<br>५. समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान गरी योगदानको सम्मान गर्न |
| ३. सामाजिक सुधार | ६. असल समाजको परिचय दिन र विशेषता पहिचान गर्न<br>७. असल समाजका बाधकतत्त्वहरू पहिचान गर्न र सचेत रहन<br>८. असल समाज निर्माणमा स्थानीय सङ्घसंस्थाको भूमिका बताउन | ६. असल समाजका बाधकतत्त्वहरूको पहिचान गरी तिनीहरूका विरुद्ध परिवार र समुदायमा सचेतना विस्तार गर्न<br>७. असल समाज निर्माणमा उचित भूमिका निर्वाह गर्न<br>८. असल समाज निर्माणमा बालक्लबको भूमिका खोजी गर्न र सहभागी हुन |

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| ४. नागरिक चेतना | ९. आफ्नो व्यक्तिगत सुरक्षामा ध्यान दिन, सुरक्षासम्बन्धी विभिन्न सेवाहरूको जानकारी लिन र उपयोग गर्न<br>१०. परिवारप्रति आफ्ना कर्तव्य र जिम्मेवारी पूरा गर्न<br>११. स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न | ९. समुदायप्रति आफ्ना जिम्मेवारी पूरा गर्न र अधिकारको उपयोग गर्न<br>१०. आधारभूत सामाजिक नियमहरूको पालना गर्न<br>११. वडा कार्यालयबाट प्राप्त सेवाहरूसँग परिचित हुन<br>१२. सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन |
| ५. हाम्रो पृथ्वी | १२. आफू बसेको समुदायको भौगोलिक स्वरूप, बस्ती र सामाजिक रहनसहनको परिचय दिन<br>१३. पृथ्वीको परिचय दिई यसको महत्त्व बताउन<br>१४. नक्सामा दिशा, सिमाना र सङ्केतको पहिचान गर्न<br>१५. हावाहुरीको असर पहिचान गरी सुरक्षाका उपाय अपनाउन | १३. आफू बसेको स्थानीय तहको भौगोलिक विशेषता र सामाजिक रहनसहन उल्लेख गर्न<br>१४. ग्लोब तथा नक्सामा महादेश र महासागरको पहिचान गर्न<br>१५. नक्साको प्रयोगसम्बन्धी सिप विकास गर्न<br>१६. आगलागी र डढेलोको कारण तथा असर पहिचान गरी सुरक्षित रहन |
| ६. आर्थिक क्रियाकलाप | १६. आफ्नो परिवारको पेसाको पहिचान गरी सम्मान र सहयोग गर्न<br>१७. आफ्नो स्थानीय क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरूको पहिचान र उपयोग गर्न<br>१८. आफ्नो दैनिक जीवनमा मितव्ययिता अपनाउन र बचत गर्न | १७. आफ्नो समुदायका मानिसले गर्ने काम/श्रम (पेसा) को पहिचान र सम्मान गर्न<br>१८. पेसागत सामग्रीको पहिचान, हिफाजत एवम् सुरक्षित प्रयोग गर्न<br>१९. स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलापमा सहभागिता जनाउन<br>२०. बचतको महत्त्व बताउन र बचत सङ्कलनका अभ्यास तथा संस्था पहिचान गर्न |
| ७. हाम्रो विगत | १९. आफ्नो परिवारको विगत र वर्तमानको तुलना गर्न<br>२०. आफ्नो गाउँठाउँको परिचय र पहिचान बताउन | २१. आफू बसेको समुदायको विगत र वर्तमानको तुलना गर्न<br>२२. आफ्नो समुदायका ऐतिहासिक सम्पदाको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन |

## ४. विषयक्षेत्र, सिकाइ उपलब्धि र विषयवस्तुको विस्तृतीकरण

**कक्षा ४**

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr>
<td>१. हामी र हाम्रो समाज</td>
<td>१. छिमेकीसँगको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्न</td>
<td>१.१ छिमेकीसँगको सम्बन्ध र सहयोग<br>• आफ्नो टोल छिमेकका व्यक्तिहरूको नाम र टोलछिमेकका व्यक्तिहरूसँग नाता लगाएर गरिने सम्बोधन, जस्तै : आमा, बुबा, दाजुभाइ, दिदीबहिनी, बाजे, बज्यै, काका, काकी, ठुलो बुबा, ठुली आमा आदि<br>• छिमेकीसँग सहयोगको आदानप्रदान<br>- सरसामान आदानप्रदान<br>- बिरामी पर्दा सहयोग<br>- चाडपर्व, मेलापर्वमा सहभागिता र सहयोग</td>
<td>• विद्यार्थीलाई आफू बस्ने टोलवरपरका व्यक्तिहरूलाई आफूले सम्बोधन गर्ने नातासम्बन्ध भन्न लगाई उनीहरूबाट नआएका नातासम्बन्ध भएमा तीसँग परिचित हुन सहजीकरण गर्नुहोस् ।<br>• विद्यार्थीलाई विभिन्न नातासम्बद्ध भूमिकाहरू दिएर भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>• छिमेकबाट आफूले पाएका सहयोग र छिमेकीलाई आफूले गरेका सहयोगको सम्बन्धमा छलफल गर्दै एक असल व्यक्तिले छिमेकमा गर्नुपर्ने सहयोगका कार्यहरूका बारेमा प्रस्ट पार्नुहोस् ।<br>• छिमेकमा आफूले आजसम्म गरेका विभिन्न सरसहयोगका कार्यहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• सामुदायिक कार्यको महत्त्व झल्कने चित्र तथा पोस्टर वा भिडियो प्रदर्शन गरी महत्त्वका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>• विभिन्न चाडपर्व तथा मेलापातमा सहभागिता र सहयोगको महत्त्व झल्कने कुनै घटनासँग सम्बन्धित विषयवस्तुसँग मेल खाने कथा सिर्जना गरी उक्त कथामा छलफल गर्दै विद्यार्थीलाई यस्ता कार्यमा सहभागी हुन प्रेरित गर्नुहोस् ।</td>
<td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) आफ्ना दश जना छिमेकीको नाम र उनीहरूलाई सम्बोधन गरिने नाता लेख्नुहोस् ।<br>(ख) छिमेकीलाई गरिने सहयोगको दुईओटा उदाहरण भन्नुहोस् ।<br>(ग) छिमेकीको आवश्यकता किन पर्छ, कक्षामा छलफल गर्नुहोस् ।<br>(घ) चाडपर्व मनाउनुको कारण उल्लेख गर्नुहोस् ।<br>२. अवलोकन फाराम प्रयोग गरेर<br>३. प्रस्तुति मूल्याङ्कन गरेर<br>४. सहपाठी मूल्याङ्कन गर्न लगाएर<br>५. स्वमूल्याङ्कन गर्न लगाएर<br>सहयोग आदानप्रदानको सूची बनाई आफूले गर्ने सहयोगमा ठिक चिह्न लगाउनुहोस् ।
<table>
<tr><th>सहयोग</th><th>गर्ने गरेको</th><th>गर्ने नगरेको</th></tr>
<tr><td>सामान पुऱ्याउन जाने</td><td></td><td></td></tr>
<tr><td>बिरामी हुँदा बोलाउन जाने</td><td></td><td></td></tr>
</table>
६. सिर्जनात्मक लेखन गर्न लगाएर</td>
<td>१८</td>
</tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २. समुदायमा प्रचलित सामाजिक तथा सांस्कृतिक कार्यहरूमा सहभागी हुन | **१.२ समुदायमा प्रचलित सामाजिक तथा सांस्कृतिक कार्यहरू**<br>● जन्म उत्सव, न्वारान/ नामकरण व्रतबन्ध, छेवर, विवाह, घेवा, पूजा, जात्रा, मेला आदि | ● विद्यार्थीलाई आफू सहभागी भएको कुनै सामाजिक सांस्कृतिक कार्य भन्न लगाई त्यसमा सहभागी हुँदाको अनुभव बताउन लगाउनुहोस् ।<br>● आफ्नो समुदायमा प्रचलनमा रहेका विभिन्न जन्म उत्सव, व्रतबन्ध, छेवर, विवाह, घेवा, पूजा, जात्रा, मेला आदिका बारेमा विद्यार्थीलाई कक्षामा छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● सामाजिक, सांस्कृतिक कार्य झल्कने पोस्टर तथा चित्र, भिडियो वा आवश्यक सामग्री प्रदर्शन गरी तिनीहरूका महत्त्व बोध गराउँदै विद्यार्थीलाई यस्ता कार्यमा सहभागी हुन प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्ता कार्यहरू सामाजिक, सांस्कृतिक कार्यअन्तर्गत पर्छन् ?<br>(ख) हामीले किन सामाजिक, सांस्कृतिक कार्यहरूको अनुसरण गर्नुपर्छ ?<br>(ग) तपाईंको समुदायमा मनाइने कुनै एक जात्राका बारेमा बताउनुहोस् ।<br>(घ) व्रतबन्ध र छेवरका बिचमा के भिन्नता रहेको छ, प्रस्तुत गर्नुहोस् ।<br>(ङ) समुदायमा प्रचलित सामाजिक तथा सांस्कृतिक कार्यहरूमा सहभागी हुँदा हुने फाइदाहरू लेख्नुहोस् ।<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर**<br>कक्षामा विद्यार्थीले प्रस्तुत गरेको अनुभव सुन्नुहोस् र आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।<br>**४. सहपाठी मूल्याङ्कन गर्न लगाएर** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr>
<td>२. हाम्रा मूल्यमान्यता</td>
<td>३. असल बानी व्यवहार अवलम्बन गर्न</td>
<td>२.१ असल बानी व्यवहार<br>• राम्रो बोलीवचन र व्यवहार<br>• सानालाई माया, ठुलालाई सम्मान<br>• मेलमिलाप (परिवारका सदस्य, समुदाय, विद्यालय र साथीहरूका बिचमा)<br>• संयम र धैर्य<br>• समान व्यवहार र सहयोग<br>• काममा ध्यानपूर्वक संलग्नता<br>• व्यक्तिगत र घरायसी सामग्रीको उचित प्रयोग र व्यवस्थापन<br>• समयको पालना<br>• मोबाइल, टेलिभिजन आदिको उचित उपयोग</td>
<td>• हामीले राम्रो बोलीवचन र व्यवहार तथा सानालाई माया, ठुलालाई सम्मान गर्नुपर्ने सन्देश दिने खालका चित्र, पोस्टर र भिडियो देखाएर वा कथाबाट कक्षा सुरु गर्नुहोस् ।<br>• परिवारका ज्येष्ठ सदस्यलाई गर्ने सहयोग र सम्मान, आफूभन्दा सानालाई सहयोग र माया गर्ने सम्बन्धमा भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>• विभिन्न कथा प्रस्तुत गर्दै कुनै पनि काम गर्दा संयम र धैर्य रहन, सबैलाई समान व्यवहार गर्न तथा व्यक्तिगत र पारिवारिक सामग्रीहरूको उचित व्यवस्थापन गर्नका लागि प्रेरित गर्नुहोस् ।<br>• विद्यार्थीलाई दैनिक कार्य तालिका बनाई समयको पालना गर्न लगाउनुहोस् ।<br>• मोबाइल तथा अन्य सामाजिक सञ्जालको अत्यधिक प्रयोगले व्यक्तिगत तथा पारिवारिक जीवनमा पर्ने समस्याका बारेमा काल्पनिक घटनाको कथावस्तु सिर्जना गरी कक्षामा प्रस्तुति एवम् छलफल गराई सामाजिक सञ्जालको सदुपयोग गर्न अभिप्रेरित गर्नुहोस् ।</td>
<td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) समयको महत्त्व बताउनुहोस् ।<br>(ख) राम्रो बोलीवचन र व्यवहार हुने व्यक्तिलाई सबैले मन पराउँछन्, किन ?<br>(ग) तपाईँलाई अरूले कस्तो व्यवहार गरेको मन पर्छ, किन ?<br>२. अवलोकन फाराम प्रयोग गरेर<br>असल बानी बेहोरासम्बन्धी भूमिका अभिनयको अवलोकन गर्नुहोस् ।<br>३. अभिभावकबाट मूल्याङ्कन (रुजुसूची) गरेर<br>विद्यार्थीले असल बानीव्यवहार घरमा पालन गर्ने गरेको वा नगरेको सम्बन्धमा अभिभावकलाई मूल्याङ्कन फाराम भर्न लगाई सिकाइको लेखाजोखा गर्नुहोस्, जस्तै :
<table>
<tr><th>असल बानी व्यवहार</th><th>सधैँ पालन गर्ने गरेको</th><th>कहिलेकाहीँ पालन गर्ने गरेको</th></tr>
<tr><td>समयको पालना</td><td></td><td></td></tr>
<tr><td>राम्रो बोलीवचन</td><td></td><td></td></tr>
<tr><td>सम्मान र सहयोग</td><td></td><td></td></tr>
<tr><td>काममा तयारी</td><td></td><td></td></tr>
<tr><td>काममा नियमितता</td><td></td><td></td></tr>
<tr><td>सामग्रीको हिफाजत र जतन</td><td></td><td></td></tr>
<tr><td>मोबाइल, टेलिभिजन आदिको उचित उपयोग</td><td></td><td></td></tr>
</table></td>
<td>२८</td>
</tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ४. आफ्नो समुदायका विभिन्न भाषा, वेशभूषा, रहनसहन र चाडपर्वको पहिचान र सम्मान गर्न | **२.२ समुदायका भाषा, वेशभूषा, रहनसहन र चाडपर्व**<br>• समुदायमा प्रचलित भाषाहरूको पहिचान र सम्मान<br>• स्थानीय वेशभूषा र रहनसहनको पहिचान र सम्मान<br>• स्थानीय चाडपर्वमा सहभागिता र सहयोग | • विद्यार्थीलाई उनीहरूको समुदायको वेशभूषा लगाएर आउन पूर्वजानकारी गराई उनीहरूको घरपरिवारमा बोल्ने मातृभाषामा परिचय खेल खेलाउनुहोस् ।<br>• स्थानीय स्तरमा प्रयोग हुने मौलिक एवम् परम्परागत वेशभूषाको प्रदर्शन गरी क्रमशः तिनीहरूको नाम बताउन लगाउनुहोस् ।<br>• विद्यार्थीलाई आफू सहभागी भएको कुनै स्थानीय चाडपर्व भन्न लगाई त्यसमा सहभागी हुँदाको अनुभव बताउन लगाउनुहोस् ।<br>• समुदायमा मनाइने चाडपर्वको नाम, गरिने क्रियाकलाप सम्बन्धमा चार्ट वा तालिका तयार पार्न लगाई तिनीहरूको महत्त्वका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>• स्थानीय चाडपर्व, वेशभूषा झल्कने चित्र, फोटा आदि सङ्कलन गरी एल्बम तयार पार्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समुदायमा बोलिने भाषाका तीन शब्दहरू लेख्नुहोस् ।<br>(ख) तपाईंको समुदायमा कुन कुन भाषा बोल्ने मानिसहरू बसोबास गर्नुहुन्छ, लेख्नुहोस् ।<br>(ग) स्थानीय पर्व र उत्सवहरूमा सहभागी हुँदा आफूले लगाउने गरेको पोसाक तथा अन्य गरगहनाको नाम बताउनुहोस् ।<br>**२. एल्बम तयार गर्न लगाएर**<br>विद्यार्थीले तयार पारेको एल्बमलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>- सङ्कलित तस्बिर वा फोटा र विषयवस्तुको सम्बन्ध<br>**३. अवलोकन फाराम प्रयोग गरेर**<br>**४. प्रस्तुति मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ५. समुदायका ज्येष्ठ नागरिकको सम्मान गर्न र प्रेरणा प्राप्त गर्न | **२.३ समुदायका ज्येष्ठ नागरिक**<br>● ज्येष्ठ नागरिकको सम्मान र प्रेरणा | ● विद्यार्थीलाई आफ्नो परिवार तथा समुदायमा भएका ज्येष्ठ नागरिकका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।<br>● विभिन्न क्षेत्रमा योगदान दिई सफल हुनुभएका ज्येष्ठ नागरिकहरूको चित्र/फोटो वा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>● विद्यालयमा नजिकका ज्येष्ठ नागरिकहरूलाई निमन्त्रणा गरेर विद्यार्थीसँग अन्तरक्रिया गराउनुहोस् । यसैगरी उहाँहरूका अनुभव सुनेर सिकेका तथ्य टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् र उहाँलाई सम्मान गर्न प्रेरित गर्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो परिवार र समुदायमा भएका ज्येष्ठ नागरिकको सम्मान कसरी गर्न सकिन्छ भन्ने विषयमा भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>● ज्येष्ठ नागरिकको सम्मानसम्बन्धी विषयवस्तु समेटिने घटना सिर्जना गरी छलफल गराउनुहोस् ।<br>● ज्येष्ठ नागरिकप्रति सम्मान व्यक्त गर्ने भावका कविता, गीत, नाटक तथा चित्र सिर्जना गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) ज्येष्ठ नागरिकबाट व्यावहारिक जीवनका कुन कुन पक्ष वा सिप सिक्न सकिन्छ ?<br>(ख) ज्येष्ठ नागरिकको सम्मान गर्न तपाईंले के गर्दै आउनुभएको छ ?<br>(ग) ज्येष्ठ नागरिकको सम्मान किन गर्नुपर्छ ?<br>(घ) तपाईंलाई मन परेको प्रेरक व्यक्तिका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर**<br>परिवार तथा समुदायमा भएका ज्येष्ठ नागरिकका बारेमा भन्न लगाउनुहोस् ।<br>**४. सहपाठी मूल्याङ्कन गर्न लगाएर**<br>**५. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>● ज्येष्ठ नागरिकको सम्मान कसरी गर्न सकिन्छ भन्ने विषयमा सिर्जनात्मक लेखन गराउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. सामाजिक सुधार | ६. असल समाजको परिचय दिन र विशेषता पहिचान गर्न | **३.१ असल समाज**<br>● परिचय<br>● विशेषता | ● समाजका विभिन्न अवस्था झल्कने भिडियो, चित्र आदि देखाउँदै कुन चित्र वा भिडियो मन पर्छ र कुन मन पर्दैन ? मनपर्नु र नपर्नुका कारणहरू के के हुन् भनी छलफल गर्दै असल समाजको परिचय दिन लगाउनुहोस् ।<br>● असल समाजका विशेषता झल्कने चित्रकथा प्रस्तुत गर्दै छलफल गराउनुहोस् र असल समाजको विशेषता प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्तो समाजलाई असल समाज भनिन्छ ?<br>(ख) असल समाजको आवश्यकता किन पर्छ ?<br>(ग) असल समाजका विशेषताहरू लेख्नुहोस् । | १८ |
| | ७. असल समाजका बाधकतत्त्वहरू पहिचान गर्न र सचेत रहन | **३.२ असल समाजका बाधकतत्त्वहरू**<br>● अन्धविश्वास (भूतप्रेत, धामीझाँक्री आदि)<br>- असर<br>- अन्धविश्वास विरुद्ध सजगता र सचेतता<br>● मनमुटाव, झैझगडा (घरपरिवार, विद्यालय)<br>- असर र समाधानका उपाय | ● तपाईं बिरामी हुँदा कहाँ जानुहुन्छ भन्ने प्रश्न गरी विद्यार्थीका विचार सुन्दै छलफल गरी बुँदा टिपोट गराउनुहोस् ।<br>● विद्यार्थीलाई असल समाजका बाधाहरू, जस्तै : भूतप्रेत र अन्य अन्धविश्वाससम्बन्धी घटना प्रस्तुत गर्दै त्यसले पारेको असर सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विद्यार्थीलाई समूह समूहमा रहेर विद्यालय र घरपरिवारमा हुने मनमुटाव, झैझगडाका कारण, असर र समाधानका उपाय सम्बन्धमा नाटक वा भूमिका अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) अन्धविश्वास भनेको के हो ?<br>(ख) अन्धविश्वासले पार्ने असरहरू के के हुन् ?<br>(ग) विद्यालयमा साथीहरूबिच झगडा भयो भने तपाईं के गर्नुहुन्छ ?<br>**२. नाटक वा भूमिका अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता, सिर्जनशीलता र सहकार्यका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ८. असल समाज निर्माणमा स्थानीय सङ्घसंस्थाको भूमिका बताउन | **३.३ असल समाज निर्माणमा सक्रिय स्थानीय सङ्घसंस्थाको भूमिका**<br>● आमा समूह र टोल सुधार संस्थाहरू | ● असल समाज निर्माणमा आमा समूह र टोल सुधार संस्थाको भूमिका झल्कने कथा अथवा भिडियो प्रस्तुत गरी छलफल गर्नुहोस् ।<br>● आमा समूह वा टोल सुधार संस्थाका प्रतिनिधिलाई कक्षामा आमन्त्रण गरी समाज सुधारमा उक्त संस्थाले खेलेको भूमिका सम्बन्धमा छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समाजमा सामाजिक समस्यामा योगदान पुऱ्याएको कुनै एक संस्थाको नाम भन्नुहोस् ।<br>(ख) आमा समूहले सामाजिक समस्या समाधानका लागि गरेका कामको सूची बनाउनुहोस् । | |
| ४. नागरिक चेतना | ९. आफ्नो व्यक्तिगत सुरक्षामा ध्यान दिन, सुरक्षासम्बन्धी विभिन्न सेवाहरूको जानकारी लिन र उपयोग गर्न | **४.१ व्यक्तिगत सुरक्षा**<br>● विद्युतीय उपकरण, आगो, हातहतियार र विष्फोटक पदार्थ आदिबाट हुन सक्ने दुर्घटना र सावधानी<br>● घरपरिवारको सुरक्षाप्रति सतर्कता<br>● वारुणयन्त्र, एम्बुलेन्स सेवा<br>● सुरक्षा एप्स, साइरन, सिसि क्यामरा | ● विद्यार्थीलाई उनीहरूले देखे सुनेका विद्युतीय उपकरण, आगो, हातहतियार र विष्फोटक पदार्थ आदिसँग सम्बन्धित दुर्घटनाहरू पालैपालो भन्न लगाउनुहोस् ।<br>● सिसी क्यामरा, सुरक्षा एप्स वा साइरन सम्बन्धमा छलफल गरी घरपरिवारको सुरक्षाका लागि तिनीहरूको उपयोगिता सम्बन्धमा प्रस्ट पार्नुहोस् ।<br>● वारुणयन्त्र र एम्बुलेन्सको पहिचान गर्न लगाई घरपरिवारको सुरक्षामा तिनीहरूको उपयोग र सेवा लिने प्रक्रियाका सम्बन्धमा समूहमा छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई एउटा एउटा दुर्घटनाको सुरक्षामा सहयोगी सेवा र उपकरणले गर्ने कार्य हाउभाउसहित अभिनय गरी परिचय र कार्य बताउन लगाउनुहोस् ।<br>● कहीँकतै शङ्कास्पद व्यक्ति, वस्तु वा घटना देखेमा त्यसको जानकारी परिवारका सदस्य वा सम्बन्धित निकायमा खबर गर्ने तरिका बताइदिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंले कतै आगलागी भएको देख्नुभयो भने के गर्नुहुन्छ ?<br>(ख) व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने सेवा र उपकरणको सूची बनाउनुहोस् ।<br>(ग) हातहतियार वा औजारहरूको प्रयोग गर्दा कस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्छ ?<br>(घ) सुरक्षा एप्स र सिसी क्यामराबाट घरपरिवारको सुरक्षा कसरी हुन्छ, लेख्नुहोस् ।<br>**२. अभिनयको अवलोकन गरेर**<br>दुर्घटनाको सुरक्षामा सहयोगी सेवा र उपकरणले गर्ने कार्यको अभिनय गराउनुहोस् ।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर**<br>विद्युतीय उपकरण, आगो, हातहतियार र विष्फोटक पदार्थ आदिसँग सम्बन्धित दुर्घटनासम्बन्धी अनुभव बताउन लगाउनुहोस् ।<br>**४. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>अकस्मात् हुने दुर्घटनाबाट बच्ने उपाय सम्बन्धमा स्वतन्त्र लेखन गराउनुहोस् । | २८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १०. परिवारप्रति आफ्ना कर्तव्य र जिम्मेवारी पूरा गर्न | ४.२ **पारिवारिक जिम्मेवारी र कर्तव्य**<br>● घरायसी काममा सहयोग<br>● परिवारका बिरामी, अशक्त तथा वृद्ध सदस्यहरूलाई हेरचाह र सहयोग<br>● पारिवारिक नियमको पालना आदि | ● विद्यार्थीहरूलाई आफ्नो घरमा गर्ने कामका विवरण पालैपालो भन्न लगाउनुहोस् ।<br>● केही विद्यार्थीलाई बिरामी, अशक्त तथा वृद्धहरूको अभिनय गर्न लगाई आफ्नो परिवारमा रहेका त्यस्ता सदस्यहरूलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा उनीहरूका धारणा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● पारिवारिक नियमको पालना गर्दा हुने फाइदा र नगर्दा आउने समस्या सम्बन्धमा समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् र पारिवारिक नियमको पालना गर्ने तरिका बताइदिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>(क) घरपरिवारमा पूरा गर्नुपर्ने जिम्मेवारी के के हुन् ?<br>(ख) परिवारमा बिरामी व्यक्तिलाई कस्तो सहयोग चाहिन्छ ?<br>(ग) परिवारका ज्येष्ठ सदस्यहरूलाई तपाईंले कसरी हेरचाह र सहयोग गर्दै आउनुभएको छ ?<br>(घ) पारिवारिक नियमको पालना नगर्दा के कस्ता समस्या आउँछन् ?<br>२. **रुजुसूची उपयोग गरेर**<br>पारिवारिक कर्तव्य पालना गरे नगरेको सम्बन्धमा रुजुसूचीमार्फत स्वमूल्याङ्कन गर्न लगाउनुहोस् ।<br>३. **सहपाठी मूल्याङ्कन गर्न लगाएर**<br>४. **अभिभावकबाट मूल्याङ्कन (रुजुसूची) गर्न लगाएर**<br>विद्यार्थीले परिवारप्रति आफ्ना कर्तव्य र जिम्मेवारी पूरा गर्ने गरेको वा नगरेको सम्बन्धमा शिक्षकले रुजुसूची फाराम तयार गरी अभिभावकलाई फाराम भर्न लगाउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ११. स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न | **४.३ स्थानीय स्तरका सेवा प्रदान गर्ने निकायहरू**<br>● स्थानीय स्तरमा कार्यरत विभिन्न सेवा प्रदायक निकायहरूको पहिचान र सेवा<br>● प्रहरीचौकी : जनताको सेवा सुरक्षामा सहयोग<br>● स्वास्थ्यचौकी : आधारभूत स्वास्थ्य सेवा | ● स्थानीय स्तरमा विभिन्न सेवा प्रदान गर्ने निकायहरूको पहिचान गरी सूची तयार पार्न लगाउनुहोस् ।<br>● स्थानीय प्रहरीचौकीमा कार्यरत वा सेवा निवृत्त प्रहरी कर्मचारीलाई विद्यालयमा स्रोतव्यक्तिका रूपमा बोलाई प्रहरीचौकीले जनताको सुरक्षाका लागि प्रदान गर्ने सेवाका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई स्थानीय स्वास्थ्यचौकीको भ्रमण गराई त्यहाँबाट प्राप्त हुने स्वास्थ्य सेवा सम्बन्धमा सम्बन्धित व्यक्तिसँग प्रश्नोत्तर गरी जानकारी लिन लगाउनुहोस् र त्यहाँबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवाको उपयोग गर्न प्रेरित गर्नुहोस् ।<br>● एक जना प्रहरी, एक जना बिरामी, एक जना स्वास्थ्यकर्मीको भूमिका निर्वाह गर्न लगाई सेवाको आवश्यकता पर्दा कहाँ जानुपर्छ भन्ने अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समुदायमा सेवा प्रदान गर्ने कुनै तीनओटा निकायको नाम लेख्नुहोस् ।<br>(ख) प्रहरीचौकीबाट प्राप्त हुने सेवाहरू उल्लेख गर्नुहोस् ।<br>(ग) स्वास्थ्यचौकीबाट तपाईंको परिवारले के कस्ता सेवा लिएको छ, उल्लेख गर्नुहोस् ।<br>(घ) प्रहरीचौकीले के के काम गर्छ ?<br>(ङ) स्वास्थ्यचौकीबाट के के सेवा पाइन्छ ?<br>**२. चित्र रेखाङ्कन गर्न लगाएर**<br>(क) प्रहरीचौकीको चित्र कोर्न लगाई त्यसमा काम गर्ने व्यक्तिको नाम लेख्न लगाउनुहोस् (जस्तै : प्रहरी) ।<br>(ख) स्वास्थ्यचौकीमा पाइने सामानहरू (जस्तै : औषधी, थर्मोमिटर) को चित्र बनाउन लगाउनुहोस् ।<br>**३. नाटक वा भूमिका अभिनयमा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ५. हाम्रो पृथ्वी | १२. आफू बसेको समुदायको भौगोलिक स्वरूप, बस्ती र सामाजिक रहनसहनको परिचय दिन | **५.१ आफू बसेको समुदाय**<br>• भौगोलिक विशेषता (धरातलीय स्वरूप, हावापानी, नदीनाला, ताल पोखरी)<br>• वनस्पति<br>• बस्तीको अवस्था<br>• सामाजिक रहनसहन | • विद्यार्थीलाई आफ्नो समुदायको जमिन अग्लो, होचो, समथर कस्तो छ भनी सोधेर उनीहरूको धारणा सुन्नुहोस् ।<br>• विद्यार्थीको समुदाय र विद्यालय वरपरको समुदायको चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै त्यहाँको धरातलीय स्वरूप, नदीनाला, तालपोखरी र बस्तीको अवस्थाका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>• स्थानीय हावापानीको सन्दर्भमा विभिन्न ऋतुको मौसम र वनस्पतिको उदाहरण प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।<br>• स्थानीय समुदायका मानिसका खानेकुरा, वेशभूषा, घरका प्रकार तथा गर्ने मुख्य कामका सम्बन्धमा चित्र प्रदर्शन गर्दै प्रश्नोत्तर विधिबाट छलफल गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँको समुदायमा जमिनको स्वरूप कस्तो छ ?<br>(ख) तपाइँको विद्यालय वरपर के केका बोटबिरुवाहरू छन् ?<br>(ग) तपाइँको समुदायका मानिसको वेशभूषा प्रस्तुत गर्नुहोस् ।<br>(घ) हावापानी र हाम्रो दैनिक जीवनबिच कस्तो सम्बन्ध छ ?<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>**३. रुब्रिक्स प्रयोग गरेर**<br>वनस्पति, बस्तीको अवस्था, सामाजिक रहनसहनलाई आधार मानी रुब्रिक्स तयार गरेर मूल्याङ्कन गर्नुहोस् । | २६ |
| | १३. पृथ्वीको परिचय दिई यसको महत्त्व बताउन | **५.२ पृथ्वी**<br>• परिचय<br>• पृथ्वीबाट पूरा हुने हाम्रा आवश्यकता (गाँस, वास, कपास) | • विद्यार्थीलाई चउरको एक छेउमा उभिन लगाउने र एक जना विद्यार्थीलाई एउटा भकुन्डो हातमा लिएर पर पर सर्दै टाढा जान भन्नुहोस् । भकुन्डोको आकार सानो देखिँदै जान्छ । त्यसैगरी पृथ्वी पनि टाढाबाट हेर्दा गोलाकार डल्लो जस्तो देखिन्छ भनी ग्लोब देखाएर बुझाउनुहोस् । सम्भव भएमा गुगल अर्थ (Google Earth) मा पृथ्वीलाई जुम (Zoom) गर्दै विद्यालयसम्म देखाउनुहोस् ।<br>• पृथ्वीबाट हामीले के के पाउँछौँ भनी प्रश्न गरी विद्यार्थीका विचार सुन्ने, विद्यार्थीका विचार समेट्दै पृथ्वीबाट हामीले खानेकुरा पाउँछौँ, लुगा बनाउन कपास पाउँछौँ र घर बनाउन काठ, ढुङ्गा तथा माटो पाउँछौँ भन्ने जस्ता उदाहरण दिँदै हाम्रा आवश्यकता पृथ्वीबाट नै पूरा हुन्छन् भन्ने कुरा प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पृथ्वीको आकार कस्तो छ ?<br>(ख) पृथ्वीबाट हामीले प्राप्त गर्ने वस्तुहरूको सूची तयार पार्नुहोस् ।<br>(ग) खानेकुराको आवश्यकता पृथ्वीबाट कसरी पूरा हुन्छ ?<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>**३. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>हाम्रा आवश्यकता पृथ्वीबाट नै पूरा हुन्छन् भन्ने सम्बन्धमा सिर्जनात्मक लेखन गराउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १४. नक्सामा दिशा, सिमाना र सङ्केतको पहिचान गर्न | **५.३ नक्सा सिप**<br>● आफू रहेको वडाको नक्सामा दिशा, सिमाना र सङ्केतका आधारमा मुख्य स्थान पहिचान | ● शिक्षकले वडाको नक्सा प्रदर्शन गर्दै नक्सामा दिशा, सिमाना र सङ्केत सम्बन्धमा जानकारी गराउनुहोस् ।<br>● शिक्षकले विद्यालय रहेको वडाको नक्सा सङ्कलन गर्नुहोस् र त्यस नक्सामा वडाका मुख्य तथ्यहरू भरेर तयार गर्नुहोस् र उक्त नक्सालाई आवश्यकताअनुसार फोटोकपी गर्नुहोस् ।<br>● उक्त नक्सा विद्यार्थीको चारपाँच जनाको एक समूह हुने गरी विभिन्न समूह निर्माण गरेर वितरण गर्नुहोस् । प्रत्येक समूहलाई त्यस नक्सामा के के देखिन्छ भनी मुख्य स्थान पहिचान गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँ कति नम्बर वडामा बस्नु हुन्छ ?<br>(ख) तपाइँको वडामा रहेको मुख्य स्थानहरू के के हुन् ?<br>(ग) नक्सामा उत्तर दिशा कतातिर पर्छ ?<br>(घ) आफ्नो वडाको नक्सामा तपाइँको घर र विद्यालय कहाँ पर्छ, उपयुक्त सङ्केत प्रयोग गरी देखाउनुहोस् । | |
| | १५. हावाहुरीको असर पहिचान गरी सुरक्षाका उपाय अपनाउन | **५.४ विपत्**<br>● **हावाहुरी**<br>- परिचय<br>- असर<br>- सुरक्षाका उपाय | ● विद्यार्थीले देखे सुनेका वा अनुभव गरेका विपत्का घटना सम्बन्धमा पालैपालो भन्न लगाउनुहोस् ।<br>● विपत्का रूपमा हावाहुरीको परिचय दिने र यसबाट हुने असर सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● हावाहुरी आउँदा कसरी सुरक्षित हुने भन्ने सम्बन्धमा चित्र तथा भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● विद्यार्थीले देखे सुनेका वा अनुभव गरेका विपत् का घटनाबाट बच्ने उपायहरूका बारेमा छलफल गर्नुहोस् ।<br>● विपत्को समयमा कसरी सहयोग लिन वा दिन सकिन्छ भन्ने विषयमा छलफल गर्दै सहयोग लिन र दिन प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) हावाहुरीबाट के कस्ता असर पर्छन् ?<br>(ख) हावाहुरीबाट सुरक्षित रहन के कस्ता उपाय अपनाउन सकिन्छ ?<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>कक्षामा विपत्सम्बन्धी अनुभव सुनाउन लगाउनुहोस् ।<br>**३. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>विद्यार्थीले देखे सुनेका वा अनुभव गरेका विपत्का घटनाबाट बच्ने उपायहरू सम्बन्धमा सिर्जनात्मक लेखन गराउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ६. आर्थिक क्रियाकलाप | १६. आफ्नो परिवारको पेसाको पहिचान गरी सम्मान र सहयोग गर्न | **६.१ आफ्नो परिवारको पेसा**<br>● खेतीपाती, मजदुरी, डोको, डालो, राडीपाखी बुन्ने, जडीबुटी सङ्कलन, लुगा सिलाउने, फलामको काम, घर बनाउने, व्यापार, नोकरी, सेवा आदि | ● विद्यार्थीलाई पालैपालो आफ्ना परिवारका सदस्यले अपनाएका पेसासँग सम्बन्धित अनुभव भन्न लगाउनुहोस् ।<br>● कक्षामा विभिन्न पेसासँग सम्बन्धित चित्र/भिडियोहरू प्रदर्शन गरी ती पेसाहरूका बारेमा छलफल र प्रश्नोत्तर गर्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो परिवारले अँगालेका पेसाको महत्त्व र सबै किसिमका पेसाको सम्मान र सक्दो सहयोग गर्नुपर्ने तथ्यलाई विभिन्न उदाहरणमार्फत प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको परिवारका सदस्यहरू कुन कुन पेसामा संलग्न हुनुहुन्छ ?<br>(ख) तपाईंका साथीसँग सोधेर उनीहरूको परिवारका सदस्यले अपनाएका पेसाको सूची तयार पार्नुहोस् ।<br>(ग) आफ्नो परिवारका सदस्यहरूको पेसामा तपाईंले के कस्ता सहयोग गर्दै आउनुएको छ ?<br>(घ) परिवारका सदस्यहरूले अपनाएका पेसाहरूलाई किन सम्मान गर्नुपर्छ ?<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>कक्षामा प्रस्तुत गरेको अनुभवका आधारमा मूल्याङ्कन गर्नुहोस् । | २६ |
| | १७. आफ्नो स्थानीय क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरूको पहिचान र उपयोग गर्न | **६.२ आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरू**<br>● आफ्नो क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको महत्त्व र उपयोग (जस्तै : कपडा, खाद्यपदार्थ, टोपी, झोला, राडीपाखी, जुत्ता, स्विटर, गलैंचा, मैनबत्ती, सिसाकलम आदि) | ● विद्यार्थीलाई आफ्नो स्थानीय क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको सूची तयार पार्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको महत्त्व सम्बन्धमा जोडीमा छलफल गरी एक एकओटा बुँदा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको नमुना सङ्कलन गरेर ल्याउन लगाई ती वस्तुहरूको महत्त्व बताउँदै उपयोग गर्न प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) आफ्नो स्थानीय क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको सूची तयार गर्नुहोस् ।<br>(ख) तपाईंले उपभोग गर्ने स्थानीय क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको सूची तयार पार्नुहोस् ।<br>(ग) आफ्नो स्थानीय क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको उपभोग वा प्रयोग गर्दा हुने कुनै चारओटा फाइदा उल्लेख गर्नुहोस् ।<br>**२. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>आफ्नो क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुहरूको महत्त्व र उपयोग सम्बन्धमा सिर्जनात्मक लेखन गराउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १८. आफ्नो दैनिक जीवनमा मितव्ययिता अपनाउन र बचत गर्न | **६.३ वस्तुहरूको प्रयोगमा मितव्ययिता**<br>● आवश्यकताअनुसार स्रोतको प्रयोग<br>● वस्तुहरू फारु गर्ने<br>● जतन गर्ने बानीको विकास<br>● पैसाको बचत गर्ने (खुत्रुकेको प्रयोग) | ● विद्यार्थीलाई आआफ्ना दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूको सूची तयार गर्न लगाउनुहोस् ।<br>● वस्तुहरूको मितव्ययी ढङ्गले प्रयोग गरी बचत गर्न अभिप्रेरित गर्ने सम्बन्धमा कथा सुनाई छलफल गर्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्ना दैनिक उपभोग र प्रयोगका वस्तुहरूको मितव्ययी प्रयोग सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीले पैसाको बचत कसरी गर्ने गरेका छन् भन्ने प्रश्न सोधी बचतको महत्त्व सम्बन्धमा छलफल गर्दै खुत्रुके बचत गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मितव्ययिता भनेको के हो ?<br>(ख) वस्तु फारु गरेर चलाउँदा हुने फाइदा लेख्नुहोस् ।<br>(ग) मितव्ययी बानीले भविष्यमा के फाइदा पुऱ्याउँछ ?<br>(घ) खुत्रुके बचतका फाइदाहरू के के हुन् ?<br>**२. रुब्रिक्स प्रयोग गरेर**<br>विद्यार्थीको आफ्ना दैनिक उपभोग र प्रयोगका वस्तुहरूको मितव्ययी ढङ्गले प्रयोग गर्ने सम्बन्धमा रुब्रिक्स तयार गरेर सोअनुसार मूल्याङ्कन गर्नुहोस् । | |
| ७. हाम्रो विगत | १९. आफ्नो परिवारको विगत र वर्तमानको तुलना गर्न | **७.१ आफ्नो परिवारको विगत**<br>● परिवारका सदस्यहरूको नाता तथा कम्तीमा तीन पुस्ताको नाम<br>● आफ्नो परिवारको विगत र वर्तमानको तुलना (शिक्षा, पेसा, बसोबास, सेवा सुविधा) | ● आफ्नो परिवारमा को को सदस्यहरू हुनुहुन्छ भनी प्रश्न गर्नुहोस् र पालैपालो सबै विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् ।<br>● विद्यार्थीले भनेका नाताका आधारमा सदस्यहरूको परिचय र नाता स्पष्ट पारिदिनुहोस् ।<br>● पारिवारिक वृक्षचार्टको नमुना प्रस्तुत गरी विद्यार्थीलाई आफ्नो परिवारको पारिवारिक वृक्षचार्ट बनाउन लगाउनुहोस् ।<br>● विद्यार्थीको परिवारको विगत र हालको बसोबास, शिक्षा, पेसा तथा सेवा सुविधाको उपयोगको अवस्था सम्बन्धमा सोधपुछ गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● आफ्नो परिवारका सदस्यहरू र पेसा झल्काउने तस्बिरहरू खोजी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) आफनो परिवारको तीन पुस्ताको सूची तयार पार्नुहोस् ।<br>(ख) तपाईंको परिवारको विगतको पेसा र वर्तमानको पेसा बताउनुहोस् ।<br>(ग) तपाईंको परिवारको विगत र वर्तमानको बसोबास अवस्था वर्णन गर्नुहोस् ।<br>**२. पारिवारिक वृक्षचार्ट तयार गर्न लगाएर**<br>विद्यार्थीलाई आफ्नो परिवारको पारिवारिक वृक्षचार्ट बनाउन लगाउनुहोस् । | १६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २०. आफ्नो गाउँ ठाउँको परिचय र पहिचान बताउन | **७.२ आफ्नो गाउँठाउँ**<br>● परिचय र नामकरण<br>● पहिचान | ● विद्यार्थीलाई आफ्नो गाउँठाउँको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br>● आफ्नो गाउँठाउँको नामकरण सम्बन्धमा परिवारका सदस्य वा समाजका जानकार व्यक्तिलाई सोधेर प्रचलित कथा तथा किंवदन्ती खोजी गर्न लगाउनुहोस् ।<br>● शिक्षकले आफ्नो गाउँको पहिचान तथा महत्त्व सम्बन्धमा बताई विद्यार्थीलाई आफ्नो गाउँठाउँको पहिचान तथा महत्त्व सम्बन्धमा बताउन लगाई छलफल गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) आफनो गाउँ वा टोलको सामान्य रूपरेखा वा स्थल आकृति/चित्र तयार पार्नुहोस् ।<br>(ख) तपाईंको गाउँ वा टोलको परिचय दिनुहोस् ।<br>(ग) तपाईंको गाउँ वा टोलका के कस्ता पहिचानहरू छन्, उल्लेख गर्नुहोस् ।<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>आफ्नो गाउँठाउँको नामकरण सम्बन्धमा परिवारका सदस्य वा समाजका जानकार व्यक्तिलाई सोधेर प्रचलित कथा तथा किंवदन्ती खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | |

## कक्षा ५

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | १. सामुदायिक सहभागितामा हुने विकासात्मक कार्य र तिनको आवश्यकता बताउन | **१.१ समुदायमा हुने विकास कार्य**<br>● आफ्नो समुदायको सहभागितामा सञ्चालित विकास कार्यहरू, जस्तै : बाटोघाटो, स्वास्थ्यचौकी, सामुदायिक भवन, विद्यालय भवन, धार्मिक स्थल आदिको निर्माण, खानेपानीसम्बन्धी काम, वृक्षरोपण, वातावरणीय सरसफाइ कार्यक्रम आदि<br>● सामुदायिक सहभागितामा हुने विकासात्मक कार्यहरूको आवश्यकता | ● सामुदायिक सहभागितामा समुदायमा हुने विभिन्न विकास कार्यको चित्र तथा भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● आफ्नो समुदायमा भएका विकासका कार्यहरू पालैपालो भन्न लगाई छलफल गर्नुहोस् ।<br>● रोचक घटना, कथा र श्रव्यदृश्य सामग्रीमार्फत सामुदायिक सहभागितामा हुने विकास कार्यको आवश्यकता प्रस्ट पार्नुहोस् ।<br>● सामुदायिक क्रियाकलापहरूमा विद्यालयका बालक्लब, जुनियर रेडक्रस, स्काउट आदिमार्फत विद्यार्थीलाई सहभागी गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामुदायिक कार्य भनेको के हो ?<br>(ख) तपाइँको समुदायमा भएका विकासका कार्यहरूको सूची बनाउनुहोस् ।<br>(ग) समुदायमा सामुदायिक सहभागितामा हुने विकास कार्यको आवश्यकता सम्बन्धमा दुई साथीबिचको संवाद लेख्नुहोस् ।<br>**२. सामुदायिक क्रियाकलापमा विद्यार्थीको सहभागिता अवलोकन गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | १८ |
| | २. आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरूप्रति अपनत्वको भावना विकास गरी सहयोग गर्न | **१.२ समुदायका विकास कार्यमा सहयोग**<br>● सार्वजनिक स्थलहरूको सरसफाइ - विद्यालय, बाटोघाटो, चौतारो, पाटीपौवा, धारा, कुवा, पँधेरो आदिको निर्माण तथा मर्मत र संरक्षणमा सहयोग<br>● वृक्षरोपण तथा वातावरणीय संरक्षणका कार्यक्रममा सहभागिता | ● विद्यार्थीलाई विद्यालय, बाटोघाटो जस्ता सार्वजनिक स्थलहरूको सरसफाइ तथा विभिन्न सामुदायिक कार्यमा सहभागी हुँदाको अनुभव भन्न लगाउनुहोस् ।<br>● विद्यालयको वरपर वृक्षरोपण वा फूलका बिरुवा रोप्न लगाउने र फूल वा बिरुवा रोप्दाको अनुभव बताउन लगाउनुहोस् ।<br>● समुदायमा पनि यस्ता कार्यक्रममा सहभागी हुन अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँ आफू सहभागी हुनुभएको कुनै सामुदायिक कार्यका बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।<br>(ख) सामुदायिक कार्यमा सहभागी हुँदाका फाइदाहरू के के हुन् ?<br>(ग) समुदायको विकासका लागि सामुदायिक सहभागिता किन आवश्यक पर्छ ?<br>**२. रुब्रिक्स प्रयोग गरेर**<br>सामुदायिक कार्यमा विद्यार्थीको सहभागिता र सहयोगको अवस्थासम्बन्धी रुब्रिक्स फाराम बनाएर मूल्याङ्कन गर्नुहोस् ।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| २. हाम्रा मूल्यमान्यता | ३. असल आचरण विकास र अभ्यास गर्न | **२.१ असल आचरण**<br>● अनुशासन<br>● कामको तयारी र नियमितता<br>● गल्ती महसुस<br>● फुर्सदको समयमा रुचिअनुसारको क्रियाकलापमा सहभागिता (चित्रकला, साहित्य, सङ्गीत, खेलकुद, बालक्लबमा सहभागिता, राष्ट्रिय महत्त्वका स्थलको अवलोकन भ्रमण आदि)<br>● घरपरिवारको काममा सहभागिता र सहयोग (खेतीपाती, पशुपालन, सजावट, सरसफाइ, पारिवारिक भेटघाट आदि)<br>● पाहुनालाई आदर सत्कार<br>● अशक्तलाई सहयोग (वृद्धवृद्धा, रोगी, अनाथ, अपाङ्गता भएका व्यक्तिलाई सहयोग) | ● विद्यार्थीलाई आफ्ना असल बानीहरू बताउन लगाई शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् ।<br>● अनुशासन, कामको तयारी र नियमितता, गल्ती महसुस, फुर्सदको समयको सदुपयोगसम्बन्धी कथा तथा घटना आदि सुनाएर छलफल गर्नुहोस् ।<br>● फुर्सदको समयको सदुपयोगका लागि चित्रकला, साहित्य, सङ्गीत, खेलकुद, बालक्लबका गतिविधिमा संलग्नता, राष्ट्रिय महत्त्वका स्थलको अवलोकन भ्रमण गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● परिवारका सदस्यले गर्ने विभिन्न कामबारे छलफल गराई विद्यार्थीले त्यसमा पुऱ्याएको सहयोग भन्न लगाउनुहोस् ।<br>● समुदायमा अरूको सहयोग चाहिने मानिस भए नभएको विषयमा भन्न लगाउनुहोस् र त्यस्ता व्यक्तिहरूलाई सहयोग गर्न उत्प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) असल आचरण भनेको के हो ?<br>(ख) तपाईंमा भएका कुनै दुई असल आचरणहरू उल्लेख गर्नुहोस् ।<br>(ग) विद्यार्थी जीवनमा अनुशासनको के महत्त्व छ ?<br>(घ) तपाईं फुर्सदको समय कसरी सदुपयोग गर्नुहुन्छ ?<br>(ङ) तपाईंले घरको काममा कसरी सहयोग गर्नुभएको छ ?<br>**२. विद्यार्थीले विद्यालयमा प्रदर्शन गरेको असल आचरणको अवलोकन गरेर तथा घरपरिवारमा प्रदर्शन गरेका असल आचरण सम्बन्धमा अभिभावकसँग सोधपुछ गरी मूल्याङ्कन गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर**<br>**४. सहपाठी मूल्याङ्कन गर्न लगाएर** | २८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ४. स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न | **२.२ हाम्रा परम्परागत सामाजिक प्रचलनहरू**<br>● समुदायमा हुने विवादको समाधानका प्रचलित स्थानीय अभ्यास<br>● सहमति निर्माण<br>● चाडपर्वहरूमा सहभागिता | ● चित्र, भिडियो र उदाहरण प्रस्तुत गर्दै विवाद समाधानमा हाम्रा स्थानीय परम्परागत सामाजिक प्रचलनहरूको सम्बन्धमा छलफल र प्रश्नोत्तर गर्नुहोस् ।<br>● समुदायमा हुने विवादका बारेमा विद्यार्थीलाई पालैपालो भन्न लगाई त्यस्ता विवाद समाधानका उपायहरूका सम्बन्धमा कक्षामा छलफल गराई बुँदा टिपोट गराउनुहोस् ।<br>● सबैको हित हुने विषयमा एक्लै वा समूहमा कसरी निर्णय गर्नु उपयुक्त हुन्छ भन्ने विषयमा मस्तिष्कमन्थन गराई प्रस्तुत गर्न लगाउने र उनीहरूका विचार समेट्दै विवाद समाधानमा सहमति निर्माणको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई चाडपर्वमा सहभागी हुँदाको आफ्नो अनुभव पालैपालो सुनाउन लगाई छलफल गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको टोलछिमेकमा उठेको विवाद कसले समाधान गर्छ ?<br>(ख) तपाईंको समुदायमा प्रचलित विवाद समाधानका राम्रा अभ्यासहरू लेख्नुहोस् ।<br>(ग) चाडपर्वमा सहभागी हुँदा के फाइदा हुन्छ ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर**<br>**४. सिर्जनात्मक लेखन गर्न लगाएर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ५. समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान गरी योगदानको सम्मान गर्न | **२.३ समुदायका प्रेरणादायी व्यक्तित्व**<br>● पहिचान<br>● योगदान<br>● प्रेरणा | ● तपाईं भविष्यमा कस्तो व्यक्ति बन्न चाहनुहुन्छ र किन भनी विद्यार्थीलाई प्रश्न गरी मष्तिष्कमन्थन गर्ने र विद्यार्थीका विचार शैक्षणिक पाटीमा लेखी छलफल गर्नुहोस् ।<br>● समुदायका प्रेरणादायी व्यक्तिहरूको चित्र/फोटो प्रदर्शन गरी उहाँहरूले गर्नुभएका काम र त्यसले समुदायमा पारेको सकारात्मक प्रभावका बारेमा छलफल गर्नुहोस् ।<br>● आफ्नो समुदायका विभिन्न प्रेरणादायी व्यक्तित्वहरूको फोटो, जीवनी आदि सङ्कलन गर्न लगाई जीवनी (Biography) तयार पार्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) प्रेरणादायी व्यक्तित्व भनेर कस्ता व्यक्तिलाई भनिन्छ ?<br>(ख) तपाईं भविष्यमा कस्तो व्यक्ति बन्न चाहनुहुन्छ र किन ?<br>(ग) तपाईंको समुदायमा योगदान पुऱ्याउने प्रेरणादायी व्यक्तित्वका बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।<br>**२. विद्यार्थीले तयार पारेको जीवनी (Biography) लाई निम्नलिखित आधारमा मूल्याङ्कन गरेर**<br>● विषयवस्तुको सम्प्रेषण (प्रेरणादायी व्यक्तित्वको परिचय र योगदान)<br>● फोटो<br>● साजसज्जा<br>● प्रस्तुति<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. सामाजिक सुधार | ६. असल समाजका बाधक तत्त्वहरूको पहिचान गरी तिनीहरूका विरुद्ध परिवार र समुदायमा सचेतना विस्तार गर्न | **३.१ असल समाजका बाधकतत्त्वहरू**<br>● **परिचय**<br>● **मादक पदार्थको सेवन**<br>- मादक पदार्थको सेवनबाट परिवार र समुदायमा पर्ने असर<br>- मादक पदार्थ सेवनविरुद्ध सचेतना<br>● **चोरी**<br>- असर<br>- चोरी विरुद्ध सजगता र सचेतना | ● मादक पदार्थ सेवन, चोरी र लुटपाटसम्बन्धी घटना सम्बन्धमा विद्यार्थीहरूलाई मष्तिष्कमन्थन गराई असल समाजका बाधकतत्त्वहरूको परिचय दिनुहोस् ।<br>● मादक पदार्थ धेरै सेवन गरेर व्यक्तिगत स्वास्थ्य, परिवार र समाजमा परेको नकारात्मक असर झल्कने घटना वा कथा सुनाएर मादक पदार्थको सेवन र यसको असरका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● मादक पदार्थको सेवनबाट व्यक्ति, परिवार र समुदायमा पर्ने असरका सम्बन्धमा प्रश्नोत्तर गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो समुदायमा चोरीका घटना भए नभएको सोधेर जानकारी लिनुहोस् ।<br>● चोरी हुनुका कारण र चोरी हुनबाट बच्नका लागि अपनाउनुपर्ने सावधानीसम्बन्धी पोस्टर प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● समूहमा रहेर मादक पदार्थ सेवन र चोरी विरुद्ध सचेतना जगाउने गीत, कविता, कथा, नाटक, पोस्टर आदि तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) असल समाजका बाधकतत्त्वहरूको सूची तयार गर्नुहोस् ।<br>(ख) मादक पदार्थ सेवनबाट हुने कुनै तीनओटा हानिहरू लेख्नुहोस् ।<br>(ग) मादक पदार्थबाट टाढा रहने कुनै दुइटा उपायहरू उल्लेख गर्नहोस् ।<br>(घ) चोरीबाट बच्न के के कुरामा सजगता अपनाउनुपर्छ ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>असल समाजका बाधकतत्त्वहरू विरुद्ध सचेतना जगाउने नारासहितको प्लेकार्ड बनाउन लगाई र्‍यालीको आयोजना गरी सहभागी हुन लगाउनुहोस् ।।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | १८ |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr><td></td><td>७. असल समाज निर्माणमा उचित भूमिका निर्वाह गर्न</td><td>३.२ असल समाज निर्माणमा सहयोग<br>● सचेतना<br>● सामाजिक सुधारका कार्यमा सहभागिता<br>● सद्भावपूर्ण व्यवहार</td><td>● असल समाज निर्माणका लागि विद्यार्थीले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● आफ्नो समुदायमा भएका सामाजिक सुधारका कार्यहरूको उदाहरण दिँदै यस्ता कार्यमा आफू, परिवार र छिमेकीको सहभागिता सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● कक्षाकोठामा विद्यार्थीको विभिन्न समूह बनाई प्रत्येक समूहलाई सद्भावपूर्ण व्यवहार झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>● सद्भावपूर्ण व्यवहार गर्दाका फाइदा सम्बन्धमा छलफल गर्नुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) कस्तो समाजलाई असल समाज भनिन्छ ?<br>(ख) तपाईं सामाजिक सुधारका कुन कुन काममा सहभागी हुनुभएको छ, लेख्नुहोस् ।<br>(ग) असल समाज निर्माणमा तपाईंको भूमिका के हुन सक्छ, लेख्नुहोस् ।<br>(घ) सद्भावपूर्ण व्यवहार गर्दा हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>२. भूमिका अभिनयको अवलोकन गरेर<br>३. विद्यार्थीको व्यवहारलाई रुजुसूची बनाई मूल्याङ्कन गरेर
<table>
<tr><th>विद्यार्थीको व्यवहार</th><th>सधैँ</th><th>कहिलेकाहीँ</th></tr>
<tr><td>सामाजिक सुधारका कार्यमा सहभागी हुने</td><td></td><td></td></tr>
<tr><td>सद्भावपूर्ण व्यवहार गर्ने</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>८. असल समाज निर्माणमा बालक्लबको भूमिका खोजी गर्न र सहभागी हुन</td><td>३.३ असल समाज निर्माणमा बालक्लब<br>● परिचय<br>● भूमिका<br>● सहभागिता</td><td>● आफ्नो विद्यालयमा हुने गरेका बालक्लबको गतिविधिमा छलफल गरी यसको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● बालक्लबले गर्ने कार्यहरू जस्तै : समुदायमा बालअधिकारका बारेमा जनचेतना फैलाउने, बालश्रम, बालविवाह र बालशिक्षाका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने आदि कार्यहरूसँग सम्बन्धित चित्र, फोटो र भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● विद्यालयका बालक्लबका कुनै एक पदाधिकारीलाई कक्षामा आमन्त्रण गरी अन्तरक्रिया गराउनुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) बालक्लब भनेको के हो ?<br>(ख) तपाईंको विद्यालयमा भएको बालक्लबको नाम के हो ?<br>(ग) बालक्लबले के कस्ता काम गर्छ ?<br>२. अवलोकन फाराम प्रयोग गरेर<br>विद्यालयमा हुने बालक्लबको गतिविधिहरूमा विद्यार्थीको सहभागिताको अवस्था अवलोकन गर्नुहोस् ।</td><td></td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ४. नागरिक चेतना | ९. समुदायप्रति आफ्ना जिम्मेवारी पूरा गर्न र अधिकारहरूको उपयोग गर्न | **४.१ समुदायप्रतिको कर्तव्य र अधिकार**<br>• समुदायप्रति अपनत्व<br>• समुदायका अशक्त र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग<br>• सार्वजनिक सम्पदाको संरक्षणमा सहभागिता<br>• खेलकुद, मनोरञ्जन, सुरक्षा र शिक्षा जस्ता अधिकार | • विद्यार्थीले समुदायका अशक्त र अपाङ्गता भएका व्यक्तिलाई गरेका सहयोग पालैपालो भन्न लगाई छलफल गराउनुहोस् ।<br>• प्रत्येक विद्यार्थीलाई समुदायप्रति उनीहरूको एक एकओटा कर्तव्य सोचेर टिपोट गर्न लगाई जोडीमा आदानप्रदान गर्न र केही जोडीलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीलाई स्थानीय सार्वजनिक सम्पदाहरूको सरसफाइलगायतका संरक्षण कार्यमा सहभागी गराउनुहोस् ।<br>• प्रत्येक विद्यार्थीलाई उनीहरूको अधिकार वा कर्तव्य लेखिएको मेटाकार्ड दिई मिल्दो अधिकार र कर्तव्यको जोडा मिलाउन लगाउनुहोस् ।<br>• तातो आलु खेलको माध्यमबाट विद्यार्थीको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंले समुदायका अशक्त र अपाङ्गता भएका व्यक्तिहरूलाई गर्नुभएको कुनै एक सहयोग उल्लेख गर्नुहोस् ।<br>(ख) बालबालिकाले प्राप्त गर्नुपर्ने अधिकार र कर्तव्यको सूची बनाउनुहोस् ।<br>(ग) तपाईंको विचारमा अधिकार प्राप्त गर्न के कस्ता कर्तव्यको पालना गर्नुपर्छ ?<br>(घ) सार्वजनिक सम्पदाको संरक्षणमा तपाईंले गर्न सक्ने कुनै दुईओटा काम लेख्नुहोस् ।<br>२. **रुजुसूचीसहितको अवलोकन फाराम प्रयोग गरेर**<br>रुजुसूचीसहितको अवलोकन फाराम बनाई विद्यार्थीले स्थानीय सार्वजनिक सम्पदाहरूको सरसफाइ कार्यमा देखाएको सहभागिताका आधारमा मूल्याङ्कन गर्नुहोस् । | २८ |
| | १०. आधारभूत सामाजिक नियमहरूको पालना गर्न | **४.२ सामाजिक नियमको पालना**<br>• सार्वजनिक सेवा उपभोग गर्दा पालो पर्खने<br>• सार्वजनिक स्थलहरूमा फोहोर नगर्ने<br>• एकआपसमा झैझगडा नगर्ने<br>• विवादलाई छलफलबाट समाधान गर्ने<br>• अरूको अधिकारको सम्मान गर्ने<br>• गलत कार्य र प्रवृत्तिबारे सूचना दिने<br>• समयको पालना आदि | • विद्यार्थीलाई विद्यालयमा उनीहरूले पालना गर्ने नियमहरूको सूची बनाउन लगाई छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीलाई सामूहिक छलफलका माध्यमबाट विद्यालयमा पालना गर्नुपर्ने नियम जस्तै समुदायमा पालना गर्नुपर्ने सामाजिक नियमहरू हुन्छन् भन्ने कुरा प्रस्ट पार्दै सामाजिक नियमहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• सामाजिक नियमको पालना गर्दा हुने फाइदा र नगर्दा भोग्नुपर्ने कठिनाइ सम्बन्धमा छलफल गराई सामाजिक नियम पालना गर्न प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको समुदायले पालन गर्दै आएका राम्रा सामाजिक नियमहरूको सूची बनाउनुहोस् ।<br>(ख) सामाजिक नियमको पालना गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।<br>(ग) तपाईंले के कस्ता सामाजिक नियमहरूको पालना गर्नुभएको छ, लेख्नुहोस् ।<br>**२. स्वमूल्याङ्कन फाराम प्रयोग गरेर**<br>विद्यार्थीहरूले सामाजिक नियमहरूको पालना गरे नगरेको सम्बन्धमा स्वमूल्याङ्कन गर्न लगाउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ११. वडा कार्यालयबाट प्राप्त सेवाहरूसँग परिचित हुन | **४.३ वडा कार्यालयबाट लिने सेवाहरू**<br>● जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, उद्योग व्यवसाय दर्ता, बसाइसराइँ दर्ता र नाता प्रमाणितलगायत विभिन्न सेवा | ● जन्मदर्ताको प्रमाणपत्र देखाई जन्मदर्ता गर्न कहाँ जानुपर्छ भनी विद्यार्थीलाई प्रश्न गरी पालैपालो त्यसको जवाफ दिन लगाउनुहोस् ।<br>● वडा कार्यालयमा कर्मचारीले काम गरिरहेको र सेवाग्राहीले सेवा लिइरहेको चित्र प्रदर्शन गर्दै वडा कार्यालयबाट प्राप्त सेवाहरूसँग परिचित गराउनुहोस् ।<br>● विद्यार्थीलाई नजिकैको वडा कार्यालयको भ्रमण गराई वडा सचिव वा कुनै कर्मचारीसँग सोधपुछ गरी त्यहाँबाट प्रवाह हुने सेवाको जानकारी लिन लगाउनुहोस् ।<br>● अब मेरो पालो (Pens in the middle) खेल खेलाई वडा कार्यलयबाट प्राप्त हुने सेवा सम्बन्धमा विद्यार्थीको सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जन्मदर्ता गर्न कहाँ जानुपर्छ ?<br>(ख) वडा कार्यालयबाट हामीले कस्ता कस्ता सेवाहरू प्राप्त गर्न सक्छौँ ?<br>(ग) तपाईंको परिवारले वडा कार्यालयबाट के कस्ता सेवाहरू लिएको छ, परिवारका सदस्यहरूसँग सोधेर लेख्नुहोस् ।<br>**२. वडा कार्यालय भ्रमणमा सिकेका कुराहरू समेटी भ्रमण प्रतिवेदन लेख्न लगाई मूल्याङ्कन गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | |
| | १२. सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन | **४.४ सडक सुरक्षा र ट्राफिक नियम**<br>● स्थान विशेष सडक सुरक्षा र सावधानी<br>● सडक सुरक्षाका लागि नियमको पालना, जस्तै : ट्राफिक सङ्केतअनुसार र जेब्राक्रसिङबाट बाटो काट्ने, सडकमा जथाभावी फोहोर नफ्याँक्ने, बाटो हिँड्दा सडकपेटीको प्रयोग गर्ने, गाडीमा यात्रा गर्दा शरीरको अङ्ग बाहिर ननिकाल्ने, सडकमा सामानहरू नथुपार्ने आदि<br>● ट्राफिक नियमको पालनाबाट हुने फाइदाहरू<br>● ट्राफिक नियमसम्बन्धी सचेतना | ● सडक सुरक्षासँग सम्बन्धित चित्र तथा पोस्टर प्रदर्शन गरी मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● ट्राफिक प्रहरी वा ट्राफिक नियमको जानकार व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी छलफल गर्नुहोस् ।<br>● नमुना जेब्राक्रसिङ तयार गरी हरियो र रातो बत्तीको नमुना देखाउँदै विद्यार्थीलाई बत्तीको सङ्केतका आधारमा बाटो काट्ने नमुना अभ्यास गराउनुहोस् ।<br>● विद्यार्थीलाई ट्राफिक सचेतनासम्बन्धी नारासहितको प्लेकार्ड बनाउन लगाई विद्यालयको प्राङ्गण र नजिकैको टोल समुदायमा र्‍याली गर्न लगाउनुहोस् ।<br>● कार्डबोर्ड, लठ्ठी, साइनपेन, गम आदिको प्रयोग गरेर ट्राफिक सङ्केत बत्ती र जेब्राक्रसिङको नमुना तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) ट्राफिक लाइटको रातो, पहेँलो र हरियो बत्तीले के के कुराको सङ्केत गर्छन् ?<br>(ख) पैदल यात्रीले के कस्ता ट्राफिक नियमको पालना गर्नुपर्छ, प्रस्तुत गर्नुहोस् ।<br>(ग) तपाईंले ट्राफिक नियमको पालना कसरी गर्नुभएको छ ?<br>**२. ट्राफिक सङ्केत बत्ती र जेब्रा क्रसिङको नमुनालाई सिर्जनशीलता, सजावट र प्रस्तुतिका आधारमा मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ५. हाम्रो पृथ्वी | १३. आफू बसेको स्थानीय तहको भौगोलिक विशेषता र सामाजिक रहनसहन उल्लेख गर्न | **५.१ आफू बसेको स्थानीय तहको परिचय**<br>● भौगोलिक विशेषताहरू (धरातलीय स्वरूप, नदीनाला, ताल पोखरी, हावापानी, वनस्पति)<br>● बस्तीको अवस्था<br>● सामाजिक रहनसहन | ● आफू बसेको स्थानीय तहको भौगोलिक विशेषता, जस्तै : धरातलीय स्वरूप, नदीनाला, तालपोखरी, बोटबिरुवा, हावापानी सम्बन्धमा विद्यार्थीलाई भन्न लगाई पृष्ठपोषण दिनुहोस् र सोसम्बन्धी नक्सा, फोटो, भिडियो आदि प्रदर्शन गर्दै छलफल र प्रश्नोत्तरद्वारा थप प्रस्ट पार्नुहोस् ।<br>● विद्यालय नजिकैको बस्तीको भ्रमण गराएर घरहरूको संरचना र बस्तीको अवस्था अवलोकन गराई क्षेत्रभ्रमण फाराम (ट्रिपसिट) भर्न लगाउनुहोस् ।<br>● आफू बसेको स्थानीय तहमा बस्ने मानिसको जातजाति, भाषा, धर्म, परम्परा, चाडपर्व खानेकुरा, वेशभूषा आदिका बारेमा विद्यार्थीलाई भन्न लगाई सामाजिक रहनसहनका बारेमा प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको स्थानीय तहको जमिनको स्वरूप कस्तो छ ?<br>(ख) तपाईंको स्थानीय तहमा कस्तो किसिमको हावापानी पाइन्छ ?<br>(ग) तपाईं बसेको स्थानीय तहमा कस्ता कस्ता बोटबिरुवा पाइन्छन् ?<br>(घ) तपाईं बसेको स्थानीय तहमा कस्ता घरहरू छन् ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>विद्यालय वरपरको बस्तीहरूको भ्रमण गराई त्यहाँका मानिसको सामाजिक रहनसहनका बारेमा एक भ्रमण प्रतिवेदन लेख्न लगाउनुहोस् ।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | २६ |
| | १४. ग्लोब तथा नक्सामा महादेश र महासागरको पहिचान गर्न | **५.२ महादेश र महासागर**<br>● ग्लोब तथा नक्सामा पहिचान | ● विद्यार्थीलाई विश्वको भौतिक नक्सा वा ग्लोब देखाउँदै महादेश र महासागरहरू पहिचान गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीले गरेको काममा शिक्षकले सहजीकरण गरी थप प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) विश्वमा कतिओटा महादेश छन्, नाम लेख्नुहोस् ।<br>(ख) तपाईं कुन महादेशमा बस्नुहुन्छ ?<br>(ग) विश्वमा कतिओटा महासागर छन्, नाम लेख्नुहोस् ।<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>विद्यार्थीले ग्लोब वा नक्सामा महादेश र महासागर पहिचान गर्न सके नसकेको अवलोकन गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १५. नक्सासम्बन्धी सिप हासिल गर्न | **५.३ नक्सा सिप**<br>(आफू रहेको स्थानीय तहको नक्सामा दिशा, सिमाना र सङ्केतका आधारमा मुख्य स्थान पहिचान) | ● विद्यार्थीको विभिन्न समूह निर्माण गरी प्रत्येक समूहलाई विद्यालय रहेको स्थानीय तहको नक्सा दिई नक्सामा के के रहेछन् भनी टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । र त्यसका आधारमा नक्सामा प्रयोग हुने दिशा, सिमाना र सङ्केतहरू प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई उक्त नक्सामा प्रयोग भएका सङ्केत र त्यसले प्रदर्शन गरेका तथ्यहरू तालिकामा लेख्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको स्थानीय तहमा भएका कुनै चार मुख्य स्थान लेख्नुहोस् ।<br>(ख) तपाईंको स्थानीय तहको सिमानामा कुन कुन स्थानीय तहहरू पर्छन् ?<br>**२. श्रेणीमापन फाराम प्रयोग गरेर**<br>विद्यार्थीले तयार गरेको आफ्नो स्थानीय तहको नक्सामा प्रयोग भएको सङ्केतलाई श्रेणीमापन फाराम प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् । | |
| | १६. आगलागी र डढेलोको कारण र असर पहिचान गरी सुरक्षित रहन | **५.४ विपत्**<br>● आगलागी र डढेलो<br>- परिचय<br>- कारण<br>- असर<br>- सुरक्षाका उपाय | ● विद्यार्थीलाई आगलागी र डढेलोका घटना सम्बन्धमा प्रश्न गर्दै उनीहरूका अनुभव सुन्नुहोस् ।<br>● विपत्का रूपमा आगलागी र डढेलोको परिचय दिँदै आगलागी र डढेलोका बारेमा कक्षामा छलफल गर्नुहोस् ।<br>● आगलागी र डढेलोका कारण, असर र त्यसबाट सुरक्षित हुने उपायका सम्बन्धमा चित्र तथा भिडियो प्रदर्शन गर्दै छलफल र प्रश्नोत्तरद्वारा प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) आगलागी र डढेलो लाग्नाका कारणहरू उल्लेख गर्नुहोस् ।<br>(ख) आगलागी र डढेलोबाट के कस्ता असरहरू पर्छन् ?<br>(ग) आगलागी र डढेलोबाट सुरक्षित रहने उपायहरू प्रस्तुत गर्नुहोस् ।<br>(घ) आगलागी र डढेलोबाट सुरक्षित रहन तपाईंले अपनाउनुभएका उपायहरू लेख्नुहोस् ।<br>**२. चित्रकला प्रतियोगिता गरेर**<br>आगलागी र डढेलोले पार्ने असरका सम्बन्धमा चित्रकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ६. आर्थिक क्रियाकलाप | १७. आफ्नो समुदायका मानिसले गर्ने काम/श्रम (पेसा) को पहिचान र सम्मान गर्न | **६.१ समुदायका मानिसले गर्ने पेसा**<br>● कृषि पेसा (खेतीपाती, पशुपालन, कुखुरापालन आदि)<br>● उद्योग (अचार बनाउने, मैनबत्ती बनाउने, थुन्से, डोको, डालो, ढक्की, डोरी, दाम्लो, नेपाली कागज बनाउने, नाम्लो बनाउने आदि)<br>● व्यापार व्यवसाय (विभिन्न किसिमका सामानहरूको खुद्रा तथा थोकव्यापार, होटल व्यवसाय आदि)<br>● नोकरी तथा सेवा | ● समुदायका मानिसले अपनाएका पेसासम्बन्धी चित्र/ चार्ट वा भिडियो प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>● विद्यार्थीलाई समूहमा विभाजन गरी आआफ्नो समुदायका पेसाहरू सम्बन्धमा छलफल गरी सूची बनाउन र प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● गीत, चित्र/चार्ट आदि प्रस्तुत गरी समुदायमा अपनाइएका सबै प्रकारका पेसाको उत्तिकै महत्त्व बोध गर्न र सबै पेसालाई सम्मान गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँको समुदायमा के कस्ता पेसाको अवलम्बन गरिएको छ, ती पेसाहरूको सूची बनाउनुहोस् ।<br>(ख) हामीले किन सबै पेसाको उत्तिकै सम्मान गर्नुपर्छ ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>विद्यार्थीले आफ्नो समुदायमा हुने आर्थिक क्रियाकलापहरूको अवलोकन गरी विवरण प्रस्तुत गरे नगरेको तथा सबै पेसाको सम्मान गरे नगरेको हेरी मूल्याङ्कन गर्नुहोस् । | २६ |
| | १८. पेसागत सामग्रीको पहिचान, हिफाजत एवम् सुरक्षित प्रयोग गर्न | ६.२ **पेसागत सामग्रीहरू**<br>● हलो, कुटो, कोदालो, चक, डस्टर, डोको, नाम्लो, ढक तराजु, लिटर, हँसिया, खुकुरी, कैँची, आरा, सिलाइ मेसिन, हथौडा, थर्मोमिटर, स्टेथेस्कोप आदि<br>● पेसागत सामग्रीहरूको हिफाजत तथा सुरक्षित प्रयोग | ● विभिन्न पेसागत सामग्रीको चित्र तथा नाम लेखिएको चार्ट प्रस्तुत गरी ती सामग्री कुन पेसामा प्रयोग गरिन्छ, पहिचान गर्न लगाउनुहोस् ।<br>● केही पेसागत सामग्रीहरूको .सुरक्षित प्रयोग र असुरक्षित प्रयोग झल्किने चित्र/भिडियोहरू प्रस्तुत गरी सुरक्षित र असुरक्षित प्रयोग पहिचान गर्न लगाउनुहोस् र तत्पश्चात् सुरक्षित प्रयोग गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● पेसागत सामग्री सुरक्षाका उपाय सम्बन्धमा भूमिका अभिनय गर्न लगाई प्रस्ट पारिदिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पेसागत सामग्री भनेको के हो ? कुनै दुईओटा पेसागत सामग्रीको उदाहरण दिनुहोस् ।<br>(ख) पेसागत सामग्रीको हिफाजत एवम् उचित प्रयोग कसरी गर्न सकिन्छ ?<br>(ग) पेसागत सामग्रीको उचित प्रयोग किन आवश्यक छ ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>भूमिका अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता र सिर्जनशीलताको अवलोकन गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १९. स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलापमा सहभागिता जनाउन | **६.३ स्थानीय स्तरमा हुने आर्थिक क्रियाकलाप**<br>● हाटबजार/बजार/मेलापर्व/महोत्सव<br>- परिचय<br>- सहभागिता | ● विद्यार्थीलाई आफ्नो घरमा आवश्यक पर्ने सामग्रीहरू कहाँबाट किनेर ल्याउने गर्नुभएको छ, आफ्नो घरमा उत्पादन भएका वस्तुहरू कहाँ लगेर बेच्ने गर्नुभएको छ भन्ने जस्ता प्रश्न गर्दै स्थानीय हाटबजार, बजार, मेलापर्व तथा महोत्सवको परिचय दिनुहोस् ।<br>● स्थानीय हाटबजार, बजार, मेलापर्व तथा महोत्सवको चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै त्यहाँ हुने आर्थिक क्रियाकलाप सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई स्थानीय हाटबजार, बजार र मेलापर्वको अवलोकन गराई त्यहाँ हुने आर्थिक क्रियाकलापमा सहभागिता हुन प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँको घरमा चाहिने सामग्रीहरू किनमेल कहाँ गर्नुहुन्छ ?<br>(ख) तपाइँको स्थानीय क्षेत्रमा हाटबजार वा बजार छ कि छैन ?<br>(ग) हाटबजारमा हुने आर्थिक क्रियाकलापको सूची तयार पार्नुहोस् ।<br>(घ) स्थानीय हाटबजार, बजार वा मेलापर्वको महत्त्व लेख्नुहोस् ।<br>**२. सिर्जनात्मक लेखन गर्न लगाएर**<br>विद्यार्थीलाई स्थानीय हाटबजार, बजार र मेलापर्व आदिको भ्रमण गरेको अनुभव समेटी एक अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | |
| | २०. बचतको महत्त्व बताउन र बचत सङ्कलनका अभ्यास र संस्था पहिचान गर्न | **६.४ बचत**<br>● परिचय र महत्त्व<br>● बचत सङ्कलन<br>- अनौपचारिक अभ्यास<br>- औपचारिक संस्था | ● विद्यार्थीले विभिन्न अवसरमा प्राप्त गरेको पैसा के गर्ने गरेका छन् ? बचत गर्ने गरेका छन् कि छैनन् ? बचत कसरी गर्ने गरेका छन् ? उनीहरूको अनुभव सुन्नुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् ।<br>● कथा तथा उदाहरण प्रस्तुत गरी बचतको परिचय र यसको महत्त्व सम्बन्धमा प्रस्ट पार्नुहोस् ।<br>● बचत सङ्कलन गर्ने स्थानीय अनौपचारिक र औपचारिक संस्थाहरूका बारेमा मेटाकार्डको प्रयोग गरी जानकारी गराउनुहोस् र बचत गर्न प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बचत भनेको के हो ?<br>(ख) बचत किन गर्नुपर्छ, कारण दिनुहोस् ।<br>(ग) तपाइँको स्थानीय क्षेत्रमा भएको बचत गर्ने संस्थाहरूको नाम लेख्नुहोस् ।<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>**३. सहपाठी मूल्याङ्कन गर्न लगाएर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ७. हाम्रो विगत | २१. आफू बसेको समुदायको विगत र वर्तमानको तुलना गर्न | **७.१ आफू बसेको समुदायको विगत र वर्तमान**<br>- सामाजिक संरचना, चालचलन, रहनसहन गतिविधिहरू<br>- पूर्वाधारको अवस्था (शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदि)<br>- पेसागत अवस्था | ● विद्यार्थीलाई समुदायको सामाजिक संरचना, चालचलन, रहनसहन गतिविधिहरूको विगत र वर्तमान अवस्थाको तुलना गरी भन्न लगाउनुहोस् ।<br>● आफू बसेको समुदायका शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, पेसा आदिको विगत र वर्तमान अवस्था झल्कने चित्र, फोटो, भिडियो आदि देखाएर वा कथा सुनाएर विगत र वर्तमान अवस्थाको सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● आफ्नो समुदायका विगतको अवस्था झल्कने फोटो सङ्कलन गरी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) आफ्नो समुदायको विगतको अवस्था उल्लेख गर्नुहोस् ।<br>(ख) तपाईंको समुदायका मानिसको मुख्य पेसा के के हुन् ?<br>(ग) तपाईंको समुदायमा यातायातले कस्तो प्रभाव पारेको छ ?<br>**२. प्रस्तुति मूल्याङ्कन गरेर**<br>आफू बसेको समुदायका शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, पेसा आदिको विगत र वर्तमान अवस्थाका बारेमा आफ्नो अभिभावकलाई सोधी हाम्रो समुदायको विगत र वर्तमान शीर्षकमा प्रतिवेदन लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | १६ |
| | २२. आफ्नो समुदायका ऐतिहासिक सम्पदाको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन | **७.२ आफ्नो समुदायका ऐतिहासिक सम्पदाहरू** (दरबार, मठमन्दिर, गढी, पाटीपौवा, धारा/हिटी, पोखरी आदि)<br>● पहिचान<br>● खोजी तथा संरक्षण | ● विद्यार्थीलाई उनीहरूको समुदायमा भएका मठ, मन्दिर, पोखरी, धारा/हिटी, गढी, कोट, पाटीपौवा जस्ता ऐतिहासिक सम्पदाहरूका बारेमा बताउन लगाउनुहोस् ।<br>● ऐतिहासिक सम्पदाहरूको फोटो जम्मा पारी कक्षामा देखाउने र ऐतिहासिक सम्पदाको परिचय तथा महत्त्व सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● समुदायमा भएका ऐतिहासिक सम्पदाको पहिचान गरी ती सम्पदासँग सम्बन्धित कथाहरू वा किंवदन्ती सुनाउनुहोस् तथा संरक्षणका लागि प्रेरित गर्नुहोस् ।<br>● आफ्नो समुदायमा भएको कुनै ऐतिहासिक सम्पदाको भ्रमण गराई त्यसको महत्त्व बोध गराउनुहोस् र संरक्षणका लागि प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्ता सम्पदालाई ऐतिहासिक सम्पदा भनिन्छ ?<br>(ख) तपाईंको समुदायमा भएका ऐतिहासिक सम्पदाहरूको सूची बनाउनुहोस् ।<br>(ग) ऐतिहासिक सम्पदाको संरक्षण किन गर्नुपर्छ ?<br>(घ) ऐतिहासिक सम्पदाको संरक्षण कसरी गर्न सकिन्छ ?<br>**२. अवलोकन फाराम प्रयोग गरेर**<br>**३. प्रस्तुति मूल्याङ्कन गरेर** | |

## ५. परियोजना तथा प्रयोगात्मक कार्य

**कक्षा ४**

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| १. हामी र हाम्रो समाज | • छिमेकबाट तपाईंको परिवारले पाएका सहयोग र छिमेकीलाई आफ्नो परिवारले गरेको सहयोगका बारेमा सोधखोज गरी तालिकामा प्रस्तुत गर्नुहोस् । <br>• समूह बनाएर आफ्नो समुदायमा प्रचलित सामाजिक तथा सांस्कृतिक कार्यहरूको फोटो सङ्कलन गरी वा चित्र बनाई कोलाजमा प्रस्तुत गर्नुहोस् । |
| २. हाम्रा मूल्यमान्यता | • विद्यार्थीले घरमा आफ्ना सामग्रीहरूको उचित व्यवस्थापन र जतन गर्न गरेका कार्यहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् । |
| ३. सामाजिक सुधार | • लागुपदार्थ दुर्व्यसन र चोरीविरुद्ध जनचेतना जगाउने पम्प्लेट, प्लेकार्ड, पोस्टर तयार पारी विद्यालयमा प्रदर्शन गर्नुहोस् । सम्भव भएमा समुदायमा पनि प्रदर्शन गर्नुहोस् । |
| ४. नागरिक चेतना | • आफ्नो समुदायमा प्रचलित कुनै एक बाजाको चित्र बनाई उक्त बाजा कुन कुन अवसरमा बजाइन्छ, अभिभावकसँग सोधखोज गरी प्रस्तुत गर्नुहोस् । <br>• समुदायमा सेवा प्रदान गर्ने कुनै एक निकायको अवलोकन गरी उक्त निकायले प्रदान गर्ने सेवा र सेवा प्राप्त गर्ने तरिकाको सम्बन्धमा विवरण सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । <br>• आफ्ना पुराना न्याना कपडाहरू सङ्कलन गरेर विद्यालयमा Cloth Bank बनाई सो कार्यका क्रममा गरेका अनुभव कक्षामा बताउनुहोस् । |
| ५. हाम्रो पृथ्वी | • हाम्रो वरपरको भौगोलिक अवस्था भन्ने शीर्षकमा पोस्टर तयार पारी प्रदर्शन गर्नुहोस् । <br>• आफ्नो वडाको रेखाङ्कित नक्सा उतारी त्यसमा मुख्य मुख्य चारपाँचओटा तथ्यहरू भरेर कक्षामा प्रदर्शन गर्नुहोस् । |

(विषयक्षेत्र २ भित्रको तालिका:)

| सामग्री | उचित व्यवस्थापनको तरिका |
|---|---|
| किताब | गाता लगाउने, झोला वा र्‍याकमा मिलाएर राखेको |
| | |

<table>
<tr><td>६. आर्थिक क्रियाकलाप</td><td>

- आफ्नो परिवारका सदस्यहरूले अपनाएका पेसाका बारेमा अभिभावकसँग तल उल्लेख दिइएजस्तै प्रश्नहरू सोधी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

  (क) हाम्रो परिवारको मुख्य पेसा के हो ?

  (ख) यो पेसा हामीले कहिलेदेखि अपनाउँदै आएका छौँ ?

  (ग) यो पेसा रोज्नुको मुख्य कारण के हो ?

  (घ) हाम्रो परिवारका अन्य सदस्यहरू कुन कुन पेसामा संलग्न हुनुहुन्छ ?

- स्थानीय क्षेत्रमा उत्पादित/निर्मित तथा रैथाने वस्तुको सूची तयार पारी आफूले प्रयोग गरेका वस्तुहरू र प्रयोग गर्नुका कारणसहितको तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

| **स्थानीय क्षेत्रमा उत्पादितरनिर्मित तथा रैथाने वस्तुहरू** | **आफूले प्रयोग गरेका वस्तुहरू** | **प्रयोग गर्नुका कारणहरू** |
|---|---|---|
| | | |
| | | |

- आफ्नो दैनिक जीवनमा प्रयोग गर्ने वस्तु र तिनको मितव्ययी प्रयोगको तरिका तालिकामा प्रस्तुत गर्नुहोस् ।
- अभिभावकको सहयोगमा खुत्रुके तयार गरी त्यसमा थोरै थोरै रकम बचत गर्नुहोस् ।

</td></tr>
<tr><td>७. हाम्रो विगत</td><td>

- आफ्नो परिवारका सदस्यहरूको नाम र फोटोसहितको पारिवारिक वृक्ष बनाई प्रदर्शन गर्नुहोस् ।
- आफ्नो गाउँठाउँको नामकरण कसरी भएको हो भन्ने सम्बन्धमा अभिभावकसँग सोधेर विवरण तयार पारी प्रस्तुत गर्नुहोस् ।

</td></tr>
</table>

## कक्षा ५

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| १. हामी र हाम्रो समाज | • आफू सहभागी भएको कुनै सामुदायिक कार्यको सम्बन्धमा तथ्यहरू सङ्कलन गरी एक प्रतिवेदन तयार पार्नुहोस् । |
| २. हाम्रा मूल्यमान्यता | • आफूलाई मनपर्ने चाडपर्वका बारेमा खोजी गरी पोस्टर तयार गर्नुहोस् ।<br>• आफ्नो समुदाय वा परिवारको आफूलाई हौसला दिने व्यक्तिका बारेमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ३. सामाजिक सुधार | • आफ्नो घरपरिवार र समुदायमा अन्धविश्वासको घटना सोधखोज गरी वा आफ्ना अनुभव समेटेर कथा तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>• तीन समूहमा रही बालअधिकारका सम्बन्धमा, बालश्रमविरुद्ध र बालविवाहविरुद्ध जनचेतना जगाउने प्लेकार्ड र पोस्टर तयार गरी विद्यालय हातामा वा नजिकको समुदायमा नमुना र्‍याली निकाल्नुहोस् । |
| ४. नागरिक चेतना | • अभिभावकलाई सोधपुछ गरी आफ्नो समाजमा रहेका सामाजिक नियमहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् र साथीले टिपोट गरेका सामाजिक नियमसँग तुलना गर्नुहोस् ।<br>• उपयुक्त रङको प्रयोग गरी विभिन्न ट्राफिक सङ्केत र त्यसको सन्देश झल्कने एउटा पोस्टर तयार गरी कक्षामा प्रदर्शन गर्नुहोस् । |
| ५. हाम्रो पृथ्वी | • आफ्नो बसोबास रहेको स्थानमा पाइने बोटबिरुवाका पात, हाँगा, फल, फूल आदि सङ्कलन गरी कक्षामा वनस्पति प्रदर्शनी गर्नुहोस् ।<br>• विश्वको रेखाङ्कित नक्सामा एटलसमा भएको विश्वको नक्सा हेर्दै महादेशहरूमा फरक फरक रङ भरेर नाम लेखी तथा महासागरहरूमा आकाशे निलो रङ भरेर नाम लेखी कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• शिक्षकको सहयोगमा आफ्नो पालिकाको रेखाङ्कित नक्सामा पालिकाका मुख्य मुख्य स्थान, मन्दिर, सडक, पानीका स्रोत आदि तथ्यहरू भरेर कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• शिक्षकको सहयोगमा आगलागी र डढेलो लागेको अवस्थामा कसरी सुरक्षित हुने भन्ने पूर्वाभ्यास गर्नुहोस् । |
| ६. आर्थिक क्रियाकलाप | • विद्यालय नजिकै वा समुदायमा स्थलगत भ्रमण गरी विभिन्न मानिसले अपनाएका पेसाको अवलोकन एवम् विभिन्न पेसा अपनाएका मानिसहरूसँग अन्तरक्रिया गरेर ती पेसाको नाम र महत्त्व सम्बन्धमा विवरण तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>• .साथीको समूहमा रही पेसागत सामग्रीहरूको सुरक्षित प्रयोग सम्बन्धमा पोस्टर बनाई कक्षाकोठामा टाँस्नुहोस् ।<br>• आफ्नो स्थानीय हाटबजार/बजारको अवलोकन भ्रमण गरी निम्नलिखित बुँदाका आधारमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>(क) बजारको नाम र स्थान<br>(ख) बजारमा हुने आर्थिक क्रियाकलाप<br>(ग) बजारमा गरिने काम<br>(घ) बजारमा पाइने सामानहरू<br>(ङ) बजारमा किनमेल गर्ने तरिका<br>• पुराना सामग्री, कार्डबोर्ड वा माटो प्रयोग गरी बचत बक्स (खुत्रुके) बनाउनुहोस् । |
| ७. हाम्रो विगत | • आफ्नो समुदायमा रहेका मानिसहरूको रहनसहन, शिक्षा र पेसाका बारेमा अध्ययन गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• आफ्नो समुदायमा भएका ऐतिहासिक सम्पदाहरूको अध्ययन गरी सूची तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• आफ्नो समुदायमा भएका सम्पदा संरक्षणमा सहभागी भई अनुभव प्रस्तुत गर्नुहोस् । |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

सामाजिक अध्ययन विषयले विद्यार्थीलाई सामुदायिक भावनाले ओतप्रोत भएको, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति सचेत र समाज परिवर्तनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ । सामाजिक जीवनसँग सम्बन्धित विभिन्न क्षेत्रलाई समेटेर यस विषयको पाठ्यक्रम तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । विद्यार्थीमा सैद्धान्तिक र व्यावहारिक दुबै पक्षको विकास गराई सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य ध्येय हो । विद्यार्थीमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रस्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता उद्देश्य यस विषयले राखेको छ । सामाजिक अध्ययनका विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ । सामाजिक अध्ययन विषयको प्रयोगशाला भनेकै आफू रहेको समाज हो । समाजमा हुने सबै प्रकारका गतिविधिहरूमा विद्यार्थी आफैं संलग्न हुने हुँदा उनीहरूको अनुभवसँग सिकाइलाई जोड्न सक्नुपर्छ । यसका लागि शिक्षकले पाठ्यक्रममा उल्लेख भएका विधिहरूमा मात्र सीमित रहनुहुँदैन । विद्यार्थीलाई विभिन्न नयाँ नयाँ र रोचक विधिहरू छनोट गरी विषयवस्तु र सिप सिक्ने वातावरण तयार गरिदिनुपर्छ । सामाजिक अध्ययन विषय शिक्षण गर्दा उपयुक्त शिक्षण सामग्रीको छनोट र प्रयोगले सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी बनाउँछ । स्थानीय सामग्री र आधुनिक प्रविधिसहितका सिकाइ सामग्रीहरूको अधिकतम उपयोग गरी सिकाइ वातावरण तयार गर्नुपर्छ ।

विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीलाई आआफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्छ । यस विषयले विद्यार्थीमा कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा जस्ता सिर्जनशील विधाहरूमार्फत आवश्यक ज्ञान, सिप, अभिवृत्ति, मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ । सामाजिक सिप विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठूलो भूमिका रहन्छ । विद्यार्थीलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । विद्यार्थी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, कथाकथन, अनुभव प्रस्तुतीकरण, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा विधि र सामग्रीको पहुँचयुक्तता (Accessibility) र उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी सिकाइ सहजीकरण गर्नुपर्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वमूल्याङ्कन तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापन, रुब्रिक्स, सिर्जनात्मक लेखन, प्रस्तुतीकरणलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर

मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटक पटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमले निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि आन्तरिक मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कन प्रयोग गर्न जोड दिएको छ । यसको लागि आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनमा समावेश गरी विद्यार्थीको समग्र मूल्याङ्कनलाई १०० प्रतिशतमा गर्नुपर्ने प्रावधान राखिएको छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्र.स. | मूल्याङ्कनका आधार | मूल्याङ्कनका आधारको विस्तृतीकरण | जम्मा अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १ | सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ४ |
| २ | परियोजना कार्य/प्रयोगात्मक कार्य | परियोजना कार्य सम्पादन, सिर्जनशिलता, सहकार्य, जिम्मेवारी, सक्रियता, समयपालना, अभिलेखीकरण, प्रदर्शन तथा प्रस्तुतीकरण | ३६ |
| ३ | त्रैमासिक परीक्षा | आवधिक परीक्षाको प्राप्ताङ्कका आधारमा निर्धारण गरिने | १० |
| **जम्मा** | | | **५०** |

**(ख) बाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा सोधिने प्रश्नहरू विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य हासिल गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गर्नुपर्छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा मूल्याङ्कनका साधनको उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी प्रयोग गर्नुपर्ने छ ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर